२०८१/१०/२७ गतेका दिन धुर्कोट गाँउपालिकाका अध्यक्ष श्री भुपाल पोखरेल ज्यूको अध्यक्षतामा देयायको उपस्थितिमा गाँउ कार्यपालिकाको वैठक वसी निम्न अनुसार गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भुपाल पोखरेल | अध्यक्ष | |
| २ | सिता गिरी | उपाध्यक्ष | |
| ३ | चेतमान कुवँर | वडा अध्यक्ष १ | |
| ४ | वावुराम खड्का | वडा अध्यक्ष २ | |
| ५ | पदम विष्ट | वडा अध्यक्ष ३ | |
| ६ | विर बहादुर कुवँर | वडा अध्यक्ष ४ | |
| ७ | केशवराज भण्डारी | वडा अध्यक्ष ५ | |
| ८ | कृष्ण बहादुर सार्की | वडा अध्यक्ष ६ | |
| ९ | लिला बहादुर खनाल | वडा अध्यक्ष ७ | |
| १० | गोमिता सार्की | कार्यपालिका सदस्य | |
| ११ | विमला सुनार पाध्यावती | कार्यपालिका सदस्य | |
| १२ | रमिला पुरी | कार्यपालिका सदस्य | |
| १३ | प्रेम बहादुर कुमाल | कार्यपालिका सदस्य | |
| १४ | धन बहादुर वि.क | कार्यपालिका सदस्य | |
| १५ | कस्मिरा अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | ज्ञानुराम पन्थी | सचिव | |

आमन्त्रित

पवित्रा भुसाल सहायक प्रशासन पाँचौं

## मिति २०८१ माघ २७ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

प्रस्ताव नं.१ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा तपसिल बमोजिम नतिजा प्राप्त भएकोले उक्त नतिजा नियमानुसार सार्वजनिकरण गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कै |
|---|---|---|---|---|
| १ | सूचक क्षेत्र नं. १ : शासकीय प्रबन्ध | ९ | ९ | |
| २ | सूचक क्षेत्र नं. २ : संगठन तथा प्रशासन | ८ | ८ | |
| ३ | सूचक क्षेत्र नं. ३ : वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ९ | |
| ४ | सूचक क्षेत्र नं. ४ : वित्तिय एवं आर्थिक व्यवस्थापन | ११ | ११ | |
| ५ | सूचक क्षेत्र नं. ५ : सेवा प्रवाह | १६ | १६ | |
| ६ | सूचक क्षेत्र नं. ६ : न्यायिक कार्यसम्पादन | ७ | ७ | |
| ७ | सूचक क्षेत्र नं. ७ : भौतिक पूर्वाधार | १३ | ११ | |
| ८ | सूचक क्षेत्र नं. ८ : सामाजिक समावेशीकरण | १० | १० | |
| ९ | सूचक क्षेत्र नं. ९ : वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ७.५ | |
| १० | सूचक क्षेत्र नं. १० : सहकार्य र समन्वय | ६ | ६ | |
| | जम्मा | १०० | ९४.५ | |

निर्णय नं २ शहिद शमशेर स्मृति पार्क उदघाटन सम्बन्धमा

धुर्कोट गाउपालिकाको केन्द्र वर्बोटमा शहिद शमसेर बहादुर खत्री, शहिद खिम विक्रम नेपाली र शहिद जेदुराम भण्डारीको स्मृतिमा गाउपालिकाबाट निर्माण भएको शहिद पार्कको नेपाल सरकारका पूर्व प्रधानमन्त्री सम्माननीय पुष्पकमल दाहाल (प्रचण्ड) बाट उद्घाटन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमको लागि प्रमुख अतिथिको रुपमा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई काठमाण्डौबाट आउन र फर्कनको लागि उक्त दिनको लागि नेपाली सेनाको हेलिकप्टर भाडामा लिइ प्रयोग गर्ने र सो वापतको खर्च गाउँपालिकावाट भुक्तानी गर्ने निर्णय गरियो । कार्यक्रमलाइ भव्य रुपमा सफल बनाउनको लागि देहाय वमोजिम गर्ने निर्णय गरियो ।

अतिथि निमन्त्रणा

- निर्वाचन क्षेत्रवाट प्रतिनिधित्व गर्ने संघ तथा प्रदेशका सांसद र मन्त्री र पूर्व सांसद तथा मन्त्री
- छिमेकी पालिकाका अध्यक्ष र उपाध्यक्ष
- जिल्ला र पालिका स्तरका संयन्त्रका राजनीतिक दलका प्रमुख वा प्रतिनिधिहरु
- शहिद परिवारका सदस्यहरु
- वहालवाला र पूर्व जनप्रतिनिधिहरु सबै
- विद्यालयका कलाकार विद्यार्थिहरु र सम्बन्धित शिक्षकहरु
- वडामा रहेका जेष्ठ नागरिक अपाङग अशक्त लगायतका व्यक्तिहरु
- जिल्ला स्थित विषयगत कार्यालयका प्रमुखहरु र सुरक्षा निकायका प्रमुखहरु
- अन्य विशिष्ठ व्यक्तिहरु

कार्यक्रममा पालिकावासी नागरिकको उपस्थितिको लागि आवश्यक सूचना तथा प्रचार प्रसार गर्ने

यातायात

वडाबाट असक्त, जेष्ठ नागरिक र गर्भवति र यस्तै प्रकारका संरक्षण आवश्यक पर्ने व्यक्तिहरुलाइ कार्यक्रम स्थलमा ल्याउन सवारी साधनको व्यवस्था पालिकाबाट गर्ने ।

खाना खाजा

कार्यक्रममा उपस्थित प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिहरु, कार्यक्रममा खटिने सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु, संचारकर्मी, सरसफाइ कर्मी, कार्यक्रमको सुरक्षाको लागि परिचालन हुने सुरक्षाकर्मीहरु लगायत कार्यक्रमको लागि खटिने जनशक्तिलाइ खाना र खाजाको व्यवस्था गाउपालिकाले गर्ने ।

निर्णय नं ३ विशेष अनुदान र समपूरक अनुदानका लागि आयोजना प्रस्ताव गर्ने सम्बन्धमा

आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि संघीय सरकार संग विशेष अनुदान तथा समपूरक अनुदानका लागि तपसिलका आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१ विशेष अनुदान तर्फ

१.१ क्रमागत तर्फ – शैक्षिक पूर्वाधार निर्माण तथा गुणस्तर सुधार र सरसफाइ कार्यक्रम (०८०।८१-०८२।८३ ) मा रु ४ करोड ८० लाख बजेट स्वीकृत भइ कार्यान्वयन भइ रहेकोमा हालसम्म जम्मा रु २ करोड ९० लाख मात्र रकम प्राप्त भएकोले बाँकी रकम १ करोड ९० लाख निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

१.२ आ व ०८२।८३ को लागि "गुणस्तरीय शिक्षा अभिबृद्धिका लागि शैक्षिक सुधार तथा पूरक शैक्षिक पूर्वाधार निर्माण कार्यक्रम" संचालन गर्न रु १ करोड १० लाखको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

२ समपुरक अनुदान तर्फ

२.१ छिलिम्ते – डिट्टापोखरा – किमुखर्क – द्रानेटा सडक स्तरउन्नती कार्यक्रम -रु ३ करोड

२.२ बर्बोट – धुर्कोट कोट सडक स्तरउन्नती कार्यक्रम– रु ४ करोड

निर्णय नं ४ भूमी शाखा गठन सम्बन्धमा

भूमी आयोगको पत्र बमोजिम स्थानीय तहमा भूमी सम्बन्धी शाखा गठन गर्ने भनि अनुरोध गरिएकोमा यस कार्यालयमा रोजगार सेवा केन्द्र लाइ नै भूमी शाखाको रुपमा कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं ५ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका आयोजना छनोट सम्बन्धमा

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडाबाट सिफारिस भइ आएका तपसिल बमोजिमका आयोजना छनोट गर्ने निर्णय गरियो ।

| वडा नं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | १. ओखलढुङ्गा बुकुराचौर मो.बा. सोलिङ | ४०००० | |
| | २. कोप्चे मो.बा नाली निर्माण | ३०००० | |
| | ३. राहाले ठुलचौरी मो.बा. सोलिङ | ३०००० | |
| | ४. राहाले गोरेटो बाटो मर्मत | १०००० | |
| | ५. देउराली तिनपोखरी कुनाखर्क मो.बा. | ३०००० | |
| | ६. घर्तिटोल गोरेटो बाटो सोलिङ साविक ५ | ३०००० | |
| | ७ खल्लरमारे पिठादी मो.बा सोलिङ | ४०,००० | |

| | | |
|---|---|---|
| | ८ ठुल्दि मो.वा.सोलिङ | ५०००० |
| | ९ आपारुख मैदान गोरेटो बाटो सोलिङ | ४०००० |
| | | |
| | | |
| | | |
| २ | १. नादी पिपलधारा हुलाके बाटो मर्मत | २००००० |
| | २. जोत्रेपोखरी खड्काटोल घोडेटो बाटो मर्मत तथा सिढि निर्माण | १००००० |
| ३ | १. वडा कार्यालय देखि चोक सम्म गो.वा. नाली निर्माण तथा वडा कार्यालय बगैचा निर्माण | १५०,००० |
| | २ उल्धेरा देखि झोलुङ्गे पुल जाने गोरेटो बाटो निर्माण | ५०,००० |
| | ३. बादरखर्की लामेढ्वाली गोरेटो बाटो मर्मत | ५०,००० |
| | ४. वडा भित्रका जोखिमयुक्त रुख कटान योजना | ५०,००० |
| ४ | १. कर्चाका रुख पाञ्चायन मा.वि गोरेटो बाटो | १००००० |
| | २. खहरे मरुवा गैरा गोरेटो बाटो मर्मत | १००००० |
| | ३. कालापोखरा पल्लाखर्क रिप गोरेटो बाटो | १००००० |
| ६ | १. कमेरपानी ईन्दिरा मा.वि गो.वा.न निर्माण | ८०,००० |
| | २. टिमुरपानी डाडावारी गो.वा मर्मत साविक-३ | ३०००० |
| | ३. चैयार धुर खोला गो.वा.मर्मत साविक-१ | २०००० |
| | ४. सिमस्यार गो.वा. मर्मत साविक-२ | २०००० |
| | ५. काजीपानी ओखरा गो वा मर्मत | १०,००० |
| | ६. पण्डित टोलाकोट पैयाखोला गाईनाटोल पाईप लाइन | ४०,००० |
| | ७. किमुखर्क मोटर बाटो नाली निर्माण साविक ७ | ४५,००० |
| | ८. वासखोला पधेरो तथा गो.वा.मर्मत साविक-२ | १५,००० |
| | ९. पिपलारुख बाटामुनी टोल गो.वा. मर्मत साविक-२ | १०,००० |
| | १०. वडा स्तरीय नाली सफाई | ३०,००० |
| ७ | १.तिल्केनी देखि भिरकुना मन्दिर सम्मको गो.वा | २५००० |
| | २.मसुरखेत भर्लेनी थ्याप्चे गो.वा | ३०००० |
| | ३. दियलीचौर देखि मुलसम्म गो.वा | २५००० |
| | ४ जाबुनेधारा देखि टाव हुदै धुलेपोखरी गो.वा | २०००० |
| | ५.पाईपलाइन खन्ने काम | १००००० |
| | ६. पाल्लेबारी अमिले नाली | २०००० |
| | ७. काउलेका घर देखि लाहुरेवारी सम्मको गो.वा | २५००० |
| | ८. तुसारटारी देखि कोलेका पोखरा गो.वा | २५००० |
| | ९. धैरेनी पोखरी बाहुनका पधेराका गो.वा | ३०००० |
| | जम्मा | १८००००० |

**निर्णय नं ६ कालोसूचीमा राख्नको लागि सिफारिस गर्ने सम्बन्धमा**

धुर्कोट गाउँकार्यपालिका कार्यालयको ठेक्का नं ODRM-GULMI- G-SQ-36-2080/081 Procurement of Laptop Printer and Projecter at Dhurkot RMC को लागि श्री S.S.D Builders, Resunga-1, Tamghas Gulmi ले कबोल गरेको बोलपत्र अन्य भन्दा न्यून कबोल र सारभूत रुपमा प्रभावग्रही ठहरिइ संझौताको लागि कार्यालयले पत्राचार गरेकोमा तोकिएको समयसीमा भित्र नियमानुसार संझौता गर्न नआएकोले निजको धरौटी वापतको रकम जफत गरी दोस्रो न्यून कबोल सारभूत रुपमा प्रभावग्राही बोलपत्रदातासँग संझौता गर्नु परेको र कालोसूचीमा राख्न किन सिफारिस नगर्ने भनि जवाफ माग गर्दा चित्त बुझ्दो जवाफ समेत प्राप्त नभएकोले निज S.S.D Builders, Resunga-1, Tamghas Gulmi लाइ नियमानुसार कालोसूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल काठमाण्डौलाइ सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ प्रहरी चौकीको लागि घरभाडा उपलब्ध गराउने सम्बन्धमा**

धुर्कोट गाउँपालिका वडा नं ४ मा रहेको प्रहरी चौकि बस्दै आएको भोजराज खनालको घर पुरानो जिर्ण समेत भएको र प्रहरी कर्मचारीहरु बस्नको लागि अपर्याप्त समेत भएकोले अन्य नजिकैको स्थानमा घरभाडामा लिइ बस्न आवश्यक भएकोले सो को बन्दोबस्त गरिदिनुहुन भनि प्रहरी चौकी बर्बोटले अनुरोध गरेकोले उपयुक्त अन्य स्थानमा नियमानुसार घरभाडामा लिइ प्रहरीचौकीलाइ बस्नको लागि बन्दोबस्त गरिदिने र उक्त घरको भाडा साविकमा जस्तै गाउँपालिका कार्यालयबाट बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं ८ विविध**

१ विपद्को बढी जोखिम हुने समय सुरु भएकोले विपद् व्यवस्थापन समितिको बैठक बसी आवश्यक पूर्व तयारी गर्ने ।

२ बाटो तथा निजी घर आवास माथिका हानिकारक रुखहरु कटान गर्नको लागि हरेक वडा कार्यालयलाइ १।१ वटा रुख काट्ने विद्धुतिय आरा (Chain Saw) उपलब्ध गराउने

३ जीवन विज्ञान प्रतिष्ठानले पोखरामा आयोजना गरेको बृहत चक्र विज्ञान कार्यक्रममा कार्यालयले आर्थिक भार व्यहोर्ने गरी अध्यक्ष उपाध्यक्ष, माध्यमिक विद्यालयका प्र अ , वडाध्यक्षहरुलाइ सहभागी गराउने

४ धुर्कोट गाउपालिका वडा नं ५ निवासी ज्ञानी पाण्डेको हात भाँचीएको र घरको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकोले पालिकाको तर्फबाट रु १० हजार सहयोग उपलब्ध गराउने ।

५ महिला बालबालिका जेष्ठ नागरिक तथा लक्षित कार्यक्रम अन्तरगत छुटिएको रु ३ लाख मध्येबाट वडा नं ५ मा संचालित जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनको लागि रु २ लाख बिनियोजन गरियो ।

CamScanner